# <u>बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको अध्यादेश</u>

**<u>प्रस्तावना</u>**ः बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई तत्काल संशोधन गर्न वाञ्छनीय भएको र हाल संघीय संसदको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**ः (१) यस अध्यादेशको नाम "बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) अध्यादेश, २०७७" रहेकोछ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ६ मा संशोधन</u>**ः बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ (यसपछि "मूल ऐन" भनिएको) को दफा ६ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यो उपदफा प्रारम्भ हुँदाका बखत बहाल रहेका अध्यक्ष तथा सदस्यको पदावधि सम्वत् २०७८ साल असार मसान्तसम्म कायम रहनेछ।"

(२) उपदफा (४) झिकिएको छ ।

३. **<u>मूल ऐनको दफा ७ मा संशोधन</u>**ः मूल ऐनको दफा ७ को उपदफा (१) को खण्ड (ख१) मा रहेका "उपदफा (१) र (४)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) वा (१क)" भन्ने शब्दहरु राखिएका छन् ।

४. **<u>मूल ऐनको दफा ३८ मा संशोधन</u>**ः मूल ऐनको दफा ३८ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) आयोगको कार्यावधि सम्वत् २०७८ साल असार मसान्तसम्म कायम रहनेछ ।"